खण्ड ६ भागेश्वर, माघ १० गते, २०७९ साल (संख्या ४)

# भागेश्वर गाउँपलिका

# स्थानीय राजपत्र

## भाग-२

**भागेश्वर गाउँपालिका खेलकुद सञ्चालन कार्यविधि, २०७९**

**राजपत्रमा प्रकाशित मिति : २०७९।१०।१०**

**प्रस्तावनाः**

भागेश्वर गाउँपालिकामा खेलकुदको माध्यमबाट विद्यालय तथा समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी विद्यार्थी तथा युवाहरुलाई धुम्रपान, मध्यपान, लागू पदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणका लागि भागेश्वर गाउँपालिका क्षेत्रभित्र खेलकुदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वस्थ नागरिक बनाउनका लागि विद्यालयहरुमा विभिन्न तालिम तथा खेलकुद सम्वन्धि प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा सुदृढ सहभागिताका लागि भागेश्वर गाउँपालिका क्षेत्रभित्र खेलकुद विकास गर्न एवं पालिका क्षेत्रभित्र रहेका विद्यालय, खेलकुदसँग सम्वन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको अनुसूचि ९ को २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ११ को उपदफा ४ को (क) बमोजिम भागेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो "भागेश्वर गाउँपालिका खेलकुद सञ्चालन कार्यविधि, २०७९" जारी गरी लागू गरिएको छ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(क) यो कार्यविधिको नाम "भागेश्वर गाउँपालिका खेलकुद सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

(ग) यो कार्यविधि पालिका भित्रका शैक्षिक संस्थाहरु, क्लबहरु, खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागूहुनेछ।

**२. परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले भागेश्वर गाउँपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यविधि" भन्नाले "भागेश्वर गाउँपालिका खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७९" सम्झनुपर्छ।

(ग) "पालिका खेलकुद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "खेलकुद समिति" भनिनेछ।

(घ) "संयोजक" भन्नाले पालिका खेलकुद विकास समितिको संयोजकलाई सम्झनुपर्छ।

(ङ) "सदस्य" भन्नाले पालिका खेलकुद विकास समितिका सदस्यलाइ सम्झनुपर्छ।

(च) "सदस्य-सचिव" भन्नाले गाउँपालिका खेलकुद विकास समितिको सदस्य-सचिव सम्झनुपर्छ।

(छ) "अध्यक्ष" भन्नाले भागेश्वर गाउँपालिकाको अध्यक्षलाइ सम्झनुपर्छ।

(ज) "उपाध्यक्ष" भन्नाले भागेश्वर गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनुपर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भागेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।
(ञ) "खेलकुद सम्वन्धि संस्था" भन्नाले दफा १२ र १३ बमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ ।
(ट) "स्थानीय सरकार" भन्नाले भागेश्वर गाउँपालिकालाई सम्झनु पर्दछ ।
(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।
(ड) "खेलकुद" भन्नाले भागेश्वर गाउँपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ । साथै सो शब्दले विद्यालयमा हुने खेलकुदलाइ समेत जनाउदछ ।
(ढ) "खेलाडी" भन्नाले विद्यालयका विद्यार्थी, टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडी वा खेलाडीको समूहलाई सम्झनु पर्दछ ।
(ण) "प्रशिक्षक" भन्नाले गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ ।
(त) "प्रशिक्षार्थी" भन्नाले गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी तथा विद्यार्थीहरुलाइ सम्झनु पर्छ ।
(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनुपर्दछ ।
(द) "खेलकुद प्रशिक्षक" भन्नाले भागेश्वर गाउँपालिकाद्वारा नियुक्त गरिएको खेलकुद प्रशिक्षकलाइ सम्झनुपर्छ ।

## परिच्छेद ३
## गाउँपालिका खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**३. पालिका खेलकुद विकास समितिको गठनः**(१) खेलकुदको विकास गर्नको लागि भागेश्वर गाउँपालिकामा देहाय बमोजिमको १३ सदस्यीय "खेलकुद विकास समिति" को गठन हुनेछः

(क) भागेश्वर गाउँपालिकाको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति - संयोजक
(ख) गाउँकार्य पालिकाबाट मनोनित कार्यपालिका सदस्य एक जना महिला सहित २ जना - सदस्य
(ग) पालिकाको खेलकुद कार्यालय रहने वडाको वडाध्यक्ष - सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ङ) विभिन्न विधाका खेलकुदका विज्ञहरु, खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडी मध्येबाट कार्यपालिकाबाट मनोनित एक जना महिला सहित २ जना - सदस्य
(च) पालिका स्तरका खेलकुद सम्वन्धि संस्था तथा क्लवहरुका पदाधिकारी मध्येबाट संयोजकले मनोनित गरेका कम्तिमा १ जना महिला सहित २ जना -सदस्य
(छ) सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँपालिका अध्यक्षद्वारा मनोनित २ जना -सदस्य
(ज) पालिकाको खेलकुद प्रशिक्षक - सदस्य
(झ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

**४. समितिले आवश्यक ठानेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याति प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।**

**५. पालिका खेलकुद समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ ।**

**६. आधारभुत तह (कक्षा ६-८) तथा माध्यमिक तह सञ्चालित विद्यालयहरुमा खेलकुद समिति गठन गरिनेछ ।**

**विद्यालय तह स्तरीय खेलकुद समिति देहाय बमोजिम हुनेछः**

(क) विद्यालय व्यबस्थापन समिति अध्यक्ष - संयोजक
(ख) वडा पालिकाले वडाकार्यपालिका सदस्यहरु मध्येबाट मनोनित गरी पठाएको १ जना - सदस्य
(ग) विभिन्न विधाका खेलकुदका विज्ञहरु, खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडी मध्येबाट विद्यालय व्यबस्थापन समितिबाट मनोनित एक जना महिला सहित २ जना - सदस्य
(घ) विद्यालयको युवा क्लब तथा बालक्लव अध्यक्ष मध्येबाट विद्यालयले तोकेको १ जना -सदस्य
(ङ) विद्यालयको खेलकुद प्रशिक्षक – सदस्य
(च) प्रधानाध्यापक - सदस्य सचिव

**७. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) पालिका स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकुदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकुदको स्तरमा वृद्धि गर्न विद्यालय, अन्तर विद्यालय तथा पालिका स्तरमा विभिन्न विधाका खेलकुद प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्वन्धि आवश्यकता अनुसार पाठ्यक्रम बनाउने, प्रशिक्षण प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ङ) खेलकुद सम्वन्धि प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./न.पा, जिल्ला,प्रदेश र संघमा पठाउने,

(च) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

(छ) स्थानीय सरकारलाई खेलकुद विकास सम्वन्धि विषयमा राय सल्लाह दिने,

(ज) खेलकुद सम्वन्धि क्लब, संस्थालाई आर्थिक सहयोगको लागि भागेश्वर गाउँपालिका समक्ष सिफारिश गर्ने,

(झ) खेलकुदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ञ) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकतानुसार विज्ञ प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार अन्य ठाउँमा समेत तालिम हासिल गर्नको लागि पठाउने,

(ट) पालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

(ठ) वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने/ गराउने,

(ड) विद्यालय तथा पालिका खेलकुद समितिहरुको समन्वयात्मक बैठक बसाल्ने,

(ढ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने/गराउने ।

**८. पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः**

**(१) संयोजकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) बैठक बोलाउनका लागि सदस्य सचिवलाई निर्देशन दिने ।

(ख) बैठकको अध्यक्षता गर्ने ।

(ग) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) समितिको नेतृत्व गर्ने ।

(ङ) बैठकमा योजना र प्रस्ताव पेश गर्ने ।

(च) बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यान्वयन गर्ने / गराउने

(छ) पदाधिकारी तथा सदस्यहरुको जिम्मेवारी तोक्ने ।

(ज) समितिको कामको अनुगमन तथा नियमन गर्ने/गराउने ।

(झ) समितिले निर्णय गरेको अन्य कामहरु गर्ने / गराउने ।

**(२) सदस्य सचिवको काम, कर्तव्य र अधिकारः**

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने निर्णय पुस्तिकाको सुरक्षा गर्ने र आदेशानुसार बैठकको लागि आवश्यक बिषय सूचि र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्वन्धि आवश्यक काम गर्ने ।

(ग) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

**९. खेलकुद प्रशिक्षकको काम कर्तव्य र अधिकारः**

(क) खेलकुद प्रशिक्षक कार्यालय तथा फिल्डको कर्मचारीको रुपमा कार्य गर्नु पर्ने ।

(ख) विद्यालयमा गठित खेलकुद समिति संग समवन्य गरी शिक्षक तथा विद्यार्थीहरुलाइ खेल प्रशिक्षण कार्य गर्ने ।

(ग) खेलसम्बन्धी भएगरेका कार्यप्रगति विवरण शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने र सो प्रगति विवरण शाखा प्रमुखले समिति समक्ष पेश गर्ने ।

(घ) गाउँपालिकाबाट सहभागीहुने विद्यालयस्तरीय तथा अन्य खेलकुदमा सहभागीहरुको मूख्य प्रशिक्षक भइ जिम्मेवारी वहन गर्नुपर्ने,

(ङ) गाउँपालिकालाइ खेलकुदको क्षेत्रमा पहिचान बनाउने कार्य तर्फ अग्रसर रहनुपर्ने,

(च) खेलकुद सम्बन्धमा समितिलाइ आवश्यक सल्लाह प्रदान गर्ने,

(छ) खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने तथा खेलकुदको विकासको लागि अन्य आवश्यक व्यबस्थाहरु गर्ने गराउने।

**१०. समितिका सदस्यहरुको पदावधि :**

(१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ। तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ।

(३) सदस्यले राजीनामा दिई स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ। त्यसरी कारवाही गर्दा सम्वन्धित सदस्यलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**११. सदस्यको अयोग्यताः देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः**

(क) गैर नेपाली नागरिक,

(ख) खेलक्षेत्रमा कारबाही भोगिरहेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(घ) मगज विग्रेको

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्य

(च) पालिका स्तरीय समितिको हकमा २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको।

**१२. सदस्यता समाप्त हुने अवस्थाः देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः**

(क) दफा ११ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा।

## परिच्छेद ४
## समितिको बैठक

**१३. समितिको बैठक र निर्णयः** (१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक प्रत्येक २/२ महिनामा अनिवार्य बस्नु पर्नेछ। वर्षको कम्तीमा ६ पटक बस्नेछ। समितिको आवश्यकता अनुसार बैठक बस्न सक्नेछ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले १५ दिनभित्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य सचिवले राख्ने छ।

## परिच्छेद ५
## टिम, क्लव, संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

**१४. खेलकुद सम्वन्धि संस्थाको दर्ताः**(१) खेलकुद सम्वन्धि गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले पालिकामा समेत दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पालिकामा दर्ता नभएको खेलकुद सम्वन्धि टिम, क्लव, संघ संस्थाले गाउँपालिकाभित्र खेलकुद सम्वन्धि गतिविधि सञ्चालन गर्न सक्ने छैन।

**१५. संस्था दर्ताको लागि दरखास्त दिनु पर्नेः**

(१) समितिको लगतमा संस्था दर्ता गराउन चाहने खेलकुद सम्वन्धि संस्थाले देहायका कुराहरु खुलाई समितिमा नाम दर्ताको निवेदन दस्तुर ५०० ।- का साथ अनुसूचि - १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्ने

(क) संस्थाको नाम र ठेगाना,

(ख) संस्थाले सञ्चालन गर्ने खेलकुदको किसिम विधा,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्वन्धि संस्थाले संस्था दर्ता प्रमाण पत्र र विधानको प्रतिलिपि समेत दरखास्तसाथ संलग्न गरेको हुनु पर्नेछ।

**१६. खेलकुद सम्वन्धि संस्थाको नाम दर्ता गर्न सक्नेः** (१) नाम दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैंतीस दिन भित्र समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्वन्धि संस्थालाई आफ्नो लगत नाम दर्ता गराई अनुसूचि - २ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ। सोही प्रमाण पत्र हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्वन्धित कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ।

(२) पहिल े नै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सूचिकृतको लागि अनुसूचि- ३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ।

(३) सूचिकृत भएका संस्थाहरुलाई अनुसूचि - ४ बमोजिम प्रमाण पत्र दिईनेछ। प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्वन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ।

(४) सूचिकृत भएका संस्थाको नवीकरण गर्न दिईने निवेदन अनुसूचि ५ बमोजिमको ढाँचामा हुनुपर्नेछ।

(५) गाउँपालिकामा सूचिकृत गर्दा आवेदन फारम शूल्क बाहेक अन्य दस्तुर लाग्नेछैन।

(६) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै दर्तावाला वा सूचिकृत संस्थाहरु गाउँपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ।

(७) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा नं. (PAN No.) लिएको हुनु पर्नेछ।

(८) दर्ता र नवीकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्वन्धित ठाउंको निरीक्षण गर्नु पर्नेछ।

(९) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्वन्धि संस्थालाई दिनुपर्नेछ।

(१०) दर्ता भएका टिम क्लव, संघ संस्थाले जुनसुकै खेलकुदको प्रतियोगिता गर्नुभन्दा अगाडि खेलकुद विकास समितिलाई जानकारीगराई स्वीकृति लिनु पर्नेछ।

(११) पालिका खेलकुद समितिमा दर्ता भएका टिम, क्लव, संघसंस्थाहरुले पालिका खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई पालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ।

**१७. हेरफेरको सूचना गर्नुपर्नेः**(१) यो कार्यविधि बमोजिम समितिको लगतमा नाम दर्ता भएको खेलकुद सम्वन्धि संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेरभएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिनभित्र समितिलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नुपर्ने कारण मनासिव देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाई राख्नु पर्नेछ।

**१८. खेलकुद सम्वन्धि संस्थाले हिसाबको स्रेस्ता राख्नुपर्नेः**(१) खेलकुद सम्वन्धि संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको स्रेस्ताराख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्वन्धि संस्थाले राखेको स्रेस्ताको जाँचबुझ खेलकुद समितिले जुनसुकै बेला पनि गर्नसक्नेछ।

(३) खेलकुद समितिले उपदफा (२) बमोजिम खेलकुद सम्वन्धि संस्थाको स्रेस्ता जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखीएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ।

**१९. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्नेः**(१) समितिले खेलकुद सम्वन्धि संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्वन्धि संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्वन्धि संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको स्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्वन्धि संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्वन्धि संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्वन्धि संस्थालाई दिनु पर्नेछ।

**२०. समितिको स्वीकृति लिनु पर्ने:** खेलकुद सम्वन्धि संस्थाले खेलकुद प्रतियोगिता पालिकाभन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद सम्वन्धि विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा भागेश्वर गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद सम्वन्धि विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ।

**२१. सदस्यहरुको बैठक भत्ता :**(१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन्।

( २ ) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नुपरेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउने छन्।

**२२. कार्यक्रम तथा बजेट:**खेलकुद विकास प्रवर्द्धनको लागि भागेश्वर गाउँपालिकाले आवश्यक बजेट बार्षिक योजनामा समावेश गर्नुपर्नेछ।

## परिच्छेद-६
## आचार संहिता

**२३. आचार संहिता**ः(१) खेल सम्वन्धि विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारीले देहायबमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागूऔषध र मादकपदार्थ सेवन गर्न पाइने छैन।

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कही कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन। तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने वाधा पर्ने छैन।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइने छैन तर संरक्षण गर्न बाधा पर्ने छैन।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्लापिङ्ग हुटिङ, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग, व्यक्तिगत वा संस्थागत नामबाट अश्लील शब्द वाअभद्र व्यवहार गर्न पाइने छैन।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न गाउँपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन।

(ञ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्वन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ।

(ट) यस अघि नै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचिकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन्।

**२४. सौजन्यता**ःदर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ। संस्थाको सौजन्यताबाट प्राप्त जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ।

## परिच्छेद ७
## सजाय

**२५. जरिवाना :** (१) दर्ता भएका खेलकुद सम्वन्धि संस्थाहरुले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछः

क) एक वर्षसम्म पनि नवीकरण नगरेमा रु. ५००/

ख) दुई वर्षसम्म पनि नवीकरण नगरेमा रु. १०००/

ग) तीन वर्षसम्म पनि नवीकरण नगरेमा रु.२०००/

घ) पाँच वर्षसम्म पनि नवीकरण नगरेमा रु.५०००/

(२) पाँच वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ। यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन।

(३) समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ। संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरणगर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ।

**२६. संस्थाको विघटन :**(१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन् :

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगातार ५ वर्षसम्म संस्था नवीकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षतविक्षत भएमा।

**२७. विघटित संस्थाको सम्पत्ति सम्वन्धि व्यवस्थाः** विघटन भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ।

**२८. सजायः** (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियत साथ समितिलाई हानी नोक्सानी पुऱ्याएमा निजलाई रु. ५,०००/- (पाँच हजार) रुपैयाँसम्म जरिवाना हुन सक्नेछ।

(२) आर्थिक सम्पत्तिमा हानी नोक्सानी पुऱ्याएमा आर्थिक ऐनमा उल्लेख भए अनुसार कारवाही हुनेछ।

**२९. असल नियतले गरेको काममा बचाउः**यस कार्यविधि बमोजिम खेलकुद सम्वन्धि शैक्षिक संस्था, क्लव, संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारवाही गरिनेछैन।

**३०. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।**

**३१. प्रतिवेदनः** समितिको वार्षिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**३२. बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा फुकाउने वा यस कार्यविधिको व्याख्या गर्ने अधिकार भागेश्वर गाउँपालिकालाई हुनेछ।

**३३. खारेजी तथा बचाउ:** यस कार्यविधिमा भएका व्यवस्थाहरु नेपालको संविधान र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म बदर हुनेछ।

**३४. संशोधनः**यस कार्यविधिमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**अनुसूचि - १**

(दफा १५ को उपदफा १ सँग सम्बन्धित)

**संस्था दर्ताका लागि दिइने निवेदनको ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
भागेश्वर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बगरकोट, डडेल्धुरा

**विषयः संस्था दर्ता सम्बन्धमा।**

म / हामीले तपसिलमा लेखिएको विवरण अनुसारको खेलकुद सम्वन्धि संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरिसकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति तथा संस्था दर्ताका लागि आवेदन गरेको छु/ छौं। नियमानुसार संस्था दर्ता गरिदिनु हुन अनुरोध छ।

संस्थाको कार्यालय रहने स्थानः............................... टेलिफोन / मोबाइल नं......................... भागेश्वर गाउँपालिका वडा नं...............................टोलः.........................

| | |
|---|---|
| सचिवको | अध्यक्षको |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नाम: |
| मितिः | मितिः |

निवेदन साथ संलग्न गर्नपर्ने कागजातहरुः

क) संस्थाको विधानको मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

ग) संस्थाको छापको नमूना।

**अनुसूचि – २**

(दफा १६ को उपदफा १ सँग सम्वन्धित)

**संस्था दर्ता प्रमाण पत्रको ढाँचा**

भागेश्वर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बगरकोट डडेल्धुरा

मितिः...................

संस्थाको नामः

ठेगाना:

**संस्था दर्ता प्रमाण पत्र**

दर्ता हुँदाका बखत रहनु भएका समितिका पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लिखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ। भागेश्वर गाउँपालिका खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७९ र स्वीकृत विधानको अधीनमा रही खेलकुद सम्वन्धि गतिविधिहरु सञ्चालन गर्न अनुमति दिइएको छ।

.................................

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका

संस्था नवीकरणको विवरण:

| क्र.सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र पालिकाको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूचि - ३**

(दफा १६ को उपदफा २ सँग सम्वन्धित)

**संस्था सूचिकृतका लागि दिइने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भागेश्वर गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
बगरकोट डडेल्धुरा।

विषयः संस्था सूचिकृत गरिदिनु हुन।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं। गाउँ कार्यपालिकाको नियमानुसार संस्था सुचीकृत गर्नुपर्ने भएकोले नियमानुसार संस्था सूचिकृत गरिदिनु हुन अनुरोध गर्दछौँ।

संलग्न कागजातहरु

क) दर्ता प्रमाण पत्र

ख) लेखा परीक्षण प्रतिवेदन

ग) कर चुक्ता प्रमाण पत्र

घ) कार्य समितिको निर्णय

(ङ) संस्थाको विधान

| | |
|---|---|
| ......................... | .......................... |
| हस्ताक्षर | हस्ताक्षर |
| सचिवको नामः | अध्यक्षको नामः |

**अनुसूचि - ४**

(दफा १६ को उपदफा ३ सँग सम्वन्धित)

**सूचिकृत प्रमाण पत्रको ढाँचा**

भागेश्वर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बगरकोट डडेल्धुरा

**संस्था सचिकृत प्रमाण पत्र**

संस्थाको नामः

ठेगानाः

दर्ता हुँदाका बखत रहनु भएका समितिका पदाधिकारी र सदस्य संख्या:

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लिखित विवरण भएको संस्था सूचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । भागेश्वर गाउँपालिका खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७९ र स्वीकृत विधानको अधिनमा रही खेलकुद सम्वन्धि गतिविधिहरु सञ्चालन गर्न अनुमति दिइएको छ ।

.........................................
प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण

| क्र.सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र गा.पा. को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूचि - ५

(दफा १६ को उपदफा ४ सँग सम्बन्धित)

**संस्था नवीकरणका लागि दिइने निवेदनको ढाँचा**

मितिः..........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
भागेश्वर गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
बगरकोट डडेल्धुरा।

**विषय: संस्था नवीकरण गरी पाउँ।**

..............................................................................नामक संस्था यस गाउँपालिकामा दर्ता / सूचिकृत भई खेलकुदसम्वन्धि गतिविधिहरु सञ्चालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरिपाउँ भनी निवेदन गर्न आएको छु/ छौ। अतः आर्थिक वर्ष ..........................को लागि संस्था नवीकरण गरी पाउँ।

निवेदनसाथ पेश गर्नपर्ने कागजातहरुः

क) आ.व. ............. को लेखापरीक्षण प्रतिवेदन

ख) संस्थाको गत आ.व. को वार्षिक गतिविधिको समष्टिगत प्रगति विवरण

ग) संस्थाको चालु आ.व. को वार्षिक योजना र बजेट

निवेदकको हस्ताक्षरः

नाम:

पद:

**<u>आज्ञाले</u>**

खगेन्द्र भारती
प्रमुख प्रशासकीय अधिकृत
भागेश्वर गाउँपालिका